"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित


# सहकारिता SAHAKARITA

द्वैमासिक

वर्ष ८ अंक २७, श्रावण-भदौ, २०७८ | www.ncbl.coop | July 16- September 16

## सात बुँदे प्रतिवद्धता व्यक्त गर्दै राष्ट्रिय सहकारी बैंकको सहकारीमा लघुवित्त सम्मेलन सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १९ औं वार्षिकोत्सवका अवसरमा आयोजित सहकारीमा लघुवित्त सम्मेलन-२०७८ सात बुँदे प्रतिवद्धता पत्र जारी गर्दै साउन २० गते बुधबार सम्पन्न भएको छ । नेटवर्क फर द डेभलपमेन्ट अफ एग्रिकल्चर को–अपरेटिभ ईन एसिया एण्ड दि प्यासिफिक (**नेडाक**) र बैंकको संयुक्त आयोजनामा साउन १९ र २० गते सञ्चालित सम्मेलनबाट ७ बुँदे प्रतिवद्धता जारी गरिएको हो । सम्मेलनबाट सहकारी संघ⁄संस्थाहरुले लघुवित्त संचालन गर्दा सहकारीको दर्शन, मूल्य, मान्यता र सिद्धान्त अनुरूप सवै सदस्यहरुलाई सहभागी गराउने कुराको सुनिश्चितता गर्ने, स्थानीय, प्रदेश तथा केन्द्रीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ संघ⁄संस्था, बैंक तथा वित्तीय संस्थाहरु र विकास साझेदारहरु विच समन्वय गरी दिगो विकास लक्ष्य प्राप्तिको लागि स्थानीय स्तरमा क्षमता विकास, उद्यम व्यवसाय तथा मूल्य श्रृंखला प्रवर्द्धन, लगानी वृद्धि गर्न उपयुक्त वातावरण सिर्जना गरी लघुवित्त मार्फत सदस्यहरुको सामाजिक विकास र आर्थिक समृद्धिको अवसर सिर्जना गर्ने प्रतिवद्धता जारी गरिएको छ । *(बाँकी पृष्ठ १७ मा)*



Commitment of Microfinance in Cooperative Summit, 2021

सहकारीमा लघुवित्त सम्मेलन, २०७८

प्रतिबद्धता पत्र

राष्ट्रिय सहकारी बैंक लिमिटेड (NCBL) र नेटवर्क फर द डेभलपमेन्ट अफ एग्रिकल्चर को–अपरेटिभ ईन एसिया एण्ड दि प्यासिफिक (NEDAC) को संयुक्त आयोजनामा २०७८ श्रावण १९ र २० गतेसम्म मर्यादित व्यवसाय र प्रविधिमा सहकारी भन्ने थिमलाई कार्यान्वयन गर्ने लक्ष्यका साथ सहकारी संघ⁄संस्था तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरुको भर्चुअल तथा भौतिक सहभागितामा सम्पन्न **सहकारीमा लघुवित्त सम्मेलन २०७८** का हामी सम्पूर्ण सहभागी सहकारी संघ⁄संस्था तथा बैंकको तर्फबाट निम्न प्रतिबद्धता जारी गर्दछौं ।

१. संघ⁄संस्थाहरुले लघुवित्त संचालन गर्दा सहकारीको दर्शन, मूल्य, मान्यता र सिद्धान्त अनुरूप सवै सदस्यहरुलाई सहभागि गराउने कुराको सुनिश्चितता गर्ने ।

२. स्थानीय, प्रदेश तथा केन्द्रीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ संघ⁄संस्था, बैंक तथा वित्तीय संस्थाहरु र विकास साझेदारहरु विच समन्वय गरी दिगो विकास लक्ष्य प्राप्तिको लागि स्थानीयस्तरमा क्षमता विकास, उद्यम व्यवसाय तथा मूल्य श्रृखला प्रवर्द्धनक, लगानी बृद्धि गर्न उपयुक्त वातावरण सिर्जना गरी लघुवित्त मार्फत सदस्यहरुको सामाजिक विकास र आर्थिक समृद्धिको अवसर सिर्जना गर्ने ।

३. अतिविपन्न परिवारलाई सहज रुपमा सिप, स्रोत, पूँजी उपलब्ध गराउँदै सहकारी मार्फत गरिबी न्यूनिकरण, उत्पादकत्व र रोजगारी सिर्जनामा अहम् भूमिका निर्वाह गर्ने ।

४. राष्ट्रिय सहकारी बैंकलाई लघुवित्त कारोवार गर्ने सहकारी संघ⁄संस्थाको प्रवर्द्धक निकायको रुपमा स्थापित गर्ने ।

५. विपन्न वर्गमा कार्य गरेका स्थानिय सहकारीहरुको साझेदारीमा लघुवित्त, लघुउद्यम र बित्तीय समावेशीकरण गर्न राष्ट्रिय सहकारी बैंकद्वारा सहयोग गर्ने ।

६. सहकारी लघुवित्तको मोडेललाई ब्यवस्थित, सुशासित, प्रविधियुक्त र मर्यादित वनाउँदै आफ्नो छुट्टै पहिचान स्थापित गर्ने ।

७. लघुबित्त मार्फत राष्ट्रको गरिबी न्यूनिकरण अभियानमा ठोस भूमिका निर्वाह गर्न वित्तीय पहुँच कमजोर भएका वर्ग, समुदाय र क्षेत्रमा पहुँच विस्तार गर्दै उद्यमशिलता, स्व:रोजगारी सिर्जना र बचत वृद्धि गरी विपन्नमूखि, सदस्यमूखि लैगिंक एवम् वित्तीय समावेशीकरणको अवधारणालाई बित्तीय सेवा प्रवाह मार्फत प्रभावकारी कार्यान्वयन गर्ने ।

## सहकारी बैंकको चेक नचल्ने समस्या अब रहदैन: अर्थमन्त्री शर्मा




ललितपुर । अर्थमन्त्री जनार्दन शर्माले राष्ट्रिय सहकारी बैंकको चेक नचल्ने समस्या अब देखि नरहने बताउनु भएको छ ।

सहकारीको चेक अन्य बैंकमा भुक्तानी नहुने समस्या रहेको सहकारी क्षेत्रको गुनासो रहेको चर्चा गर्दै उहाँले सहकारी बैंकको चेक नचल्ने नीति हुन नहुने बताउनु भयो । यदि त्यस खालको नीति छ भने त्यसलाई खारेज गर्नु पर्छ र सहकारीको चेकलाई सहज रुपमा चल्ने वातावरण बनाउने प्रतिवद्धता उहाँले व्यक्त गर्नु भयो । *(बाँकी पृष्ठ १८ मा)*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्री कुमार गुरागाईं

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरु**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बलराम के.सी

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

## सम्पादकीय

### सहकारी संस्थाहरुले कृषि तथा उद्यम बिकासको क्षेत्रमा लगानी वृद्धि गरौं

राज्यले अबलम्बन गरेको तिन खम्बे अर्थनीती सरकारी, निजी र सहकारी मध्ये एक खम्बाको रुपमा सहकारी क्षेत्रलाई लिएको छ । सहकारी क्षेत्रले सहकारीको मुल्य, मान्यता र सिदान्त अनुरुप देशका कृषक, कालीगढ, श्रमीक, न्युन आय भएका समुह एवम् सिमान्तकृत समुदाय, सर्वसाधारण उपभोक्ता माफ छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्वन र पारस्परीकताको आधारमा एकिकृत गर्दै सदस्यको आर्थिक, सामाजिक तथा सास्कृतिक उन्यन गर्न समुदायमा आधारीत, सदस्य केन्द्रित लोकतान्त्रिक ,स्वायत्तता, स्वशासीत सङगठन जसले सदस्यको आत्मनिर्भर, दिगो एवं समाजवाद उन्मुख, राष्ट्रिय अर्थतन्त्रको विकास गर्न एक पहरेदारीको भुमिका निर्वाह गर्दै आएको छ ।

आजको समयमा सहकारीको माध्यमबाट बढि भन्दा बढि जनसंख्यालाई प्रत्यक्ष रोजगारीको सिर्जना गरि गरिबि तथा आर्थिक अबस्था कमजोर भएका वर्गहरुको उत्थानको लागि पनि ग्रामिण भेगमा रहेका सहकारी संस्थाहरुले कृषि तथा उद्यम विकासको क्षेत्रमा लगानी बढाउनु पर्ने आजको आवश्यक्ता हो । हाल २९,८८६ विभिन्न प्रकृतिका प्रारभिम्क सहकारी संस्था, २० वटा विषयगत केन्द्रिय संघ, ७० वटा जिल्ला सहकारी संघ, २४१ विषगत जिल्ला सहकारी संघ, एक राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघ रहेका छन् । अन्तर्राष्ट्रिय सहकारी महासंघमा नेपाल आबद्ध भएको छ, प्रारम्भिक संस्थामा करिव ७३ लाख भन्दा बढी सदस्य रहेका छन् । सहकारी संस्थाको कुल पुँजी ९४ अर्ब र परिचालीत बचत ४ खर्व ७७ अर्व रहेको छ । सहकारी संघ संस्थाबाट ४ खर्व २६ अर्व ऋण लगानी परिचालन भएको छ ।

यस क्षेत्रले करिब ८८ हजार भन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिनुको साथै लाखौ संख्यामा अप्रत्यक्ष रोजगारीको सिर्जना गरेको छ । वित्तीय पँहुच, महिला सशक्तीकरण, नेतृत्व बिकास तथा क्षमता बिकास, सामाजिक एकिकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्युनीकरणमा यस क्षेत्रको महत्वपुर्ण योगदान छ । यस क्षेत्रमा प्राप्त उपलब्धी को सम्बर्द्धन गदै सहकारी आन्दोलनको स्वस्थ विकासलाई प्रोत्साहित गर्नु वाञ्छनीय देखिन्छ ।

# राष्ट्रिय सहकारी बैंकका अध्यक्ष उप्रेती सम्मानित




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के.बी.उप्रेतीलाई सहकारी अभियानको प्रवर्द्धनमा गरेको महत्वपूर्ण योगदानको कदर गर्दै झापाको एक सहकारीले भदौं १२ गते शनिबार सम्मान गरेको छ । मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड झापाले स्थापना गरेको स्वर्गीय गणेश प्रसाद बस्नेत सहकारी अभियन्ता पुरस्कारबाट उप्रेतीलाई सम्मान गरिएको हो । संस्थाको २७ औं वार्षिक साधारण सभाको अवसरमा उप्रेतीलाई सम्मान गरिएको संस्थाका अध्यक्ष नारायण प्रसाद भट्टराईले जानकारी दिनु भयो ।

सहकारी बैंक तथा जिल्ला सहकारी संघ काठमाडौ, राष्ट्रिय सहकारी महासंघ लगायतका संघ/संस्थामा नेतृत्व गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा एसिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरुको विकासको लागि संजाल (नेडाक) को उपाध्यक्षको जिम्मेवारीमा रहेर समेत सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र व्यवस्थापनमा महत्वपूर्ण योगदान गरेकोले उप्रेतीलाई स्वर्गीय गणेश प्रसाद बस्नेत सहकारी अभियन्ता सम्मान प्रदान गरिएको भट्टराईले जानकारी दिनुभयो ।

संस्थाका पूर्व अध्यक्ष तथा राष्ट्रिय सहकारी बैंकका पूर्व सञ्चालक समेत रहनु भएका स्वर्गीय गणेश प्रसाद बस्नेतको स्मृतिमा स्थापना गरिएको सम्मान नगद २६ हजार सहित उप्रेतीलाई प्रदान गरिएको हो । झापाको दमकमा मुख्य कार्यालय रहेको मेची सहकारी संस्थाले शनिवार २७ औं वार्षिक साधारणसभा सम्पन्न गरेको हो । संस्थामा गत असार मसान्त सम्ममा ९ हजार ४ सय ८० जना शेयर सदस्य, ३१ करोड, १४ लाख दुई हजार ६ सय शेयर पूँजि, १ अर्ब ९३ करोड ४ लाख १७ हजार बचत र २ अर्ब ५० करोड २९ लाख ६४ हजार कर्जा लगानी रहेको संस्थाका प्रमुख कार्यकारी अधिकृत खोम प्रसाद बगालेले जानकारी दिनुभयो । अघिल्लो आर्थिक वर्षमा ६ करोड ५३ लाख ९२ हजार खुद मुनाफा गरेको संस्थाले गत आ.व.मा ८ करोड ६१ लाख ४० हजार रुपैया मुनाफा गर्न सफल भएको बगालेले बताउनुभयो ।

# बैंकका नयाँ कर्मचारीहरूको लागि सेवा प्रवेश अभिमुखिकरण तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडमा नयाँ प्रवेश गर्न लागेका कर्मचारीहरुका लागि संञ्चालित दुई दिने सेवा प्रवेश अभिमुखिकरण कार्यक्रम भदौ ११ गते शुक्रबार काठमाडौंमा सम्पन्न भएको छ ।

बैंकले कनिष्ठ सहायक, बरिष्ठ सहायक र सहायक अधिकृत स्तरका ६१ जना कर्मचारी छनौट गरेपछि बैंकको सञ्चालन प्रक्रिया लगायत उनीहरुलाई उत्प्रेरित गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बैंकको शिक्षा तथा तालिम विभाग प्रमुख रामबाबु आचार्यले जानकारी दिनु भयो ।

अभिमुखिकरण कार्यक्रमको पहिलो र दोस्रो दिन प्रशिक्षक उषा मल्ल सिंह तथा बैकको व्यवस्थापन, सञ्चालन, स्तरीकरण, व्यवसाय प्रवर्द्धन लगायतका विषयमा बैंकका उच्च व्यवस्थापनका अधिकृतहरुले सहजीकरण गर्नुभएको थियो । अभिमुखिकरण पछि कर्मचारीहरुलाई बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले नियुक्ति पत्र वितरण गर्नु भएको थियो ।

# आर्थिक तथा सामाजिक विकासका लागि सहकारी

सुशील भट्टराई



सर्वसाधारण आफुहरु मिलेर आफनो आर्थिक तथा सामाजिक आवश्यकता पुरा गर्ने अभिप्रायले संङ्गठित भएका राज्य संरचना भन्दा पर नाफा व्यवसाय भन्दा पृथक सामुदायिकताको भावनाले साझा वन्धनमा स्वयम् परिचालित हुने मर्यादित व्यवसाय नै सहकारी हो । नेपालमा सहकारीको इतिहास धेरै पुरानो देखिदैन । वि. सं. २००० मा काभ्रे जिल्लाको बनेपामा भुवन्धक तथा सहकारी समाजको स्थापना भएको थियो । तर यसले लामो समयसम्ममा निरन्तरता पाउन सकेन । वि स २०१३ मा चितवन राप्ती नदि पिडितहरुले बखान ऋण सहकारी संस्थाको स्थापना गरे पछि मात्र नेपालमा संस्थागत रुपमा यसले निरन्तरता पाउदै आएको देखिन्छ ।

सहकारी ,आर्थिक तथा सामाजिक विकास एक अर्कामा अन्तर निर्भर र अन्तर सम्वन्धित विषय वस्तुहरु हुन । समाजको दिगो आर्थिक विकास गर्न, आर्थिक असमानता घटाउन, सास्कृतिक तथा सामाजिक समावेशीता कायम गर्न, महिला तथा विपन्न वर्गको नेतृत्व विकास गर्न र वित्तीय साक्षरता प्रदान गर्न पनि सहकारी क्षेत्रको सक्रियता देखिन्छ ।

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय सोच सहितको विकासका लक्ष्यहरु हासिल गर्नका लागि सहकारी क्षेत्रको अग्रणी भूमिका रहन्छ । तिव्र, दिगो र रोजगार मुलक आर्थिक वृद्धि हासिल गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणमा यस क्षेत्रले भूमिका खेली रहेको छ ।

नेपालको संविधानले अंगिकार गरेको तिन खम्बे नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरे बमोजिम सहकारी क्षेत्रले सहकारी मूल्य र मान्यता र सिद्धान्तको अनुशरण तथा पारस्परिकता र स्वावलम्वनको संस्कार विकास गरि विकास प्रक्रियामा सहयोगी भुमिका, विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्ने देशको आर्थिक, सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने कार्य यस क्षेत्रको अग्रस्थानमा रहेको छ ।

सहकारी नागरिकको वित्तीय सशक्तिकरणको सशक्त माध्यम हो । फरक-फरक व्यवसायमा सदस्यहरुलाई सीप, शिक्षा र रोजगारी मार्फत सशक्तिकरण गरि उपभोक्ता बजारमा दरिलो उपस्थिती देखाउन सक्षम हुन्छ । विश्वका विकसित तथा विकासशील मुलुकमा खाद्य वस्तु, विजुली, उपभोग वस्तु, बिमा एवं वित्तीय सेवामा सहकारीले बजारको उल्लेख्य हिस्सा लिएका छन् । अन्तर्राष्ट्रिय सहकारी संघको प्रतिवेदन अनुसार नेदरल्याण्डमा आलु उत्पादनमा १०० प्रतिशत दक्षिण कोरियामा कृषि उत्पादनमा ४० प्रतिशत, फिनल्याण्डमा दैनिक सेवामा ३३ प्रतिशत, अमेरिकामा उर्जा आपूर्तिमा १३ प्रतिशत हिस्सा सहकारीको नै छ । त्यस्तै भारतमा कृषि उत्पादनमा ३७ प्रतिशत, माल्टामा माछा आपूर्तिमा ९० प्रतिशत हिस्सा सहकारी क्षेत्रले नै ओगटेको अवस्था छ । नेपालको वित्तीय सेवामा करिब २० प्रतिशत सहकारी हिस्सा छ । यसरी बिकसित तथा विकासशील दुवै प्रकृतिका मुलुकहरुमा सहकारीहरु आफनो कार्यक्षेत्र विस्तार गर्दै गएको अवस्था छ । सहकारी संस्थाले उत्पादन श्रृङखलामा पनि महत्वपूर्ण निर्वाह गर्दछन् । किसानलाई उत्पादनसँग जोडने र उत्पादनलाई बजारसँग जोडी सदस्यको वित्तीय आवश्यकता पूरा गर्दै पूँजी निर्माणमा पनि सहयोग गर्दछ ।

विपन्नताले मानिस आफ्ना समान आवश्यकता र आकाङक्षा पूरा गर्न सामाजिक आर्थिक प्रकियामा आवद्ध हुन्छन् । जसले गर्दा उनीहरुलाई नै आर्थिक संङगठन र सामाजिक आवद्धता बढी चाहिएको हुन्छ । समान स्वामित्व, आकाक्षा, फाईदा र जोखिमको कारणले सदस्यहरुको विश्वासको ऊर्जा गतिशिल हुन्छ । सामाजिक, आर्थिक र मानवीय तीनै प्रकारका पूँजि निर्माणको कार्य सहकारीले गर्न सक्ने भएकोले यो गरिबी निवारण र आर्थिक समृद्धि दुवैको आधार स्तम्भ हो ।

नेपालमा आ.व २०७७/०७८ को फागुनसम्म सहकारी संस्थाहरुको संख्या २९ हजार ८ सय ८६, शेयर सदस्य संख्या ७३ लाख ७ हजार ४ सय ६२ र शेयर पूँजि ९४ अर्व १० करोड छ । त्यस्तै सहकारी क्षेत्रमा ४ खर्ब ७७ अर्व ९६ करोड वचत परिचालन भई ४ खर्ब २६ अर्ब २६ करोड कर्जा प्रवाह भएको छ । साथै सहकारी क्षेत्रमा प्रत्यक्ष रुपमा ८८ हजार ३ सय ९ जनाले रोजगारी प्राप्त गरेका छन् ।

सरकारी क्षेत्र र निजी क्षेत्र पुग्न नसकेको क्षेत्रमा सहकारीको माध्यमबाट देशको आर्थिक सामाजिक क्षेत्रमा योगदान गर्न सकिन्छ । सहकारी क्षेत्रलाई लघुवित्त कारोवारसंगै उत्पादन बजारीकरण र सेवाप्रवाह संग्लन गराउदै उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याराउन सकिन्छ । स्थानीय स्रोत, श्रम, सीप र पूँजीको अधिकतम परिचालन मार्फत आर्थिक सामाजिक रुपान्तरण गर्न सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र बिस्तार गरी मुलुकको दिगो र समता मुलक आर्थिक र सामाजिक विकासमा योगदान पुराउन, उद्यमशीलताको बिकास र स्थानीय पर्यटन प्रवर्द्धनमा गर्न, वित्तीय सेवाको पँहुच र आर्थिक सामाजीक समावेशीकरणलाई प्रोत्साहित गर्न, स्व-रोजगारीको सिर्जना गरि गरिबी निवारण गर्नका लागी, व्यवसायको संस्कृत र प्रवृतिको विकास गर्न, साना तथा आत्म निर्भरमुखी व्यवसायको सञ्चालन गर्नको लागी यस क्षेत्रको कोशे ढुङगाको रुपमा रहन्छ ।

**अन्त्यमा** : नेपालको समग्र विकासमा सहकारी क्षेत्रले महत्वपूर्ण योगदान गर्दै आएको छ । सहकारी ऐन २०४८ लागु पछि सहकारीको विस्तारको सुरु भयो तर धेरैजस्तो सहकारीहरु उत्पादनमा संलग्न नभई मध्यस्थ सेवामा छन । नेपालमा सञ्चालन रहेका २९ हजार सहकारी मध्ये करिब १३ हजार सहकारी बचत तथा ऋण कारोबारमा छन् भने बहुउद्देश्यीय लगायतका अन्य सहकारी पनि मुख्य कार्य बचत तथा ऋण परिचालनमा नै लालाहित देखिन्छ ।

कृषि, दुग्ध, उपभोक्ता सहकारीहरुको कारोबार उत्साहजनक छैन । श्रमीक तथा कालिगढ सहकारी क्रियाशिलनै हुन सकेको देखिदैन यधपि नेपालको संविधानले अंगीकार गरेको नीति तथा कानुनी ब्यवस्थाले निर्दिष्ट गरे बमोजिम सहकारी मूल्य मान्यता र सिद्धान्तको अनुशरण तथा पारस्पारिकता र स्वावलम्वको संस्कार बिकास गदै समग्र बिकास प्रकियामा सहयोगी भूमिका निर्वाह गरेको छ । विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न देशको आर्थिक तथा सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने यस क्षेत्रको ठुलो योगदान छ, यस क्षेत्रले सहकारी संस्थामा सुशासन कायम गर्दै स्थानीय स्रोत साधन, श्रम सीप र पूँजीलाई ब्यापक रुपमा परिचालन गरी रोजगारी तथा आय वृद्धि र गरिबी निवारण गर्ने सहयोग गदै यस क्षेत्रले मानवीय आवश्यकताका वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गदै सदस्यहरुको सामाजिक आर्थिक र सांस्कृतिक रुपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्दछ ।

# अक्कुबाट पुरस्कृत हुने व्यक्तित्वहरुलाई सहकारी बैंकको बधाई तथा शुभकामना

ललितपुर । एसियाली ऋण महासंघ (अक्कु) बाट सम्मानित हुने दुई जना सहकारीकर्मीहरुलाई राष्ट्रिय सहकारी बैंक लिमिटेडले बधाई तथा शुभकामना दिएको छ ।



बैंकको केन्द्रीय कार्यालय कुपण्डोलमा भदौ १७, गते बिहिबार आयोजित बधाई तथा शुभकामना कार्यक्रममा एसियाली ऋण महासंघ (अक्कु) बाट **Outstanding Award for Credit Union Volunteer-2021** अवार्ड प्राप्त गर्ने जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड दोलखाका संस्थापक अध्यक्ष यज्ञराज ढुङ्गेल र **Outstanding Award for Credit Union**

Executive-2021 अवार्ड प्राप्त गर्ने काभ्रेपलाञ्चोकको बनेपामा रहेको बिन्धबासिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत के.बी लामालाई बधाई तथा शुभकामना दिएको हो ।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी उप्रेतीले ढुङ्गेल र लामालाई बधाई तथा शुभकामना दिँदै यो अवार्ड प्राप्त गर्नु नेपालको सहकारी अभियानको लागि खुसीको कुरा भएकोले एसिया तथा विश्वभरिनै नेपालको शिर उच्च भएको र देश भरीकै सहकारीकर्मीहरु खुसी भएको बताउनु भयो । उहाँले राष्ट्रिय सहकारी बैंकको सिफारिसमा एसियाली ऋण महासंघ (अक्कु) को संचालक समितिले अवार्ड दिने निर्णय गरेको भन्दै अक्कु परिवारलाई धन्यबाद दिनु भएको थियो ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले सहकारीको माध्यमबाट स्थानिय रुपमा उपलब्ध श्रोत तथा साधनको समुदाय स्तरमा न्यायोचित वितरण गरी सदस्यहरुको जीवन स्तरमा परिवर्तन, गरिबी, न्यूनिकरणमा सहयोग, रोजगारी सृजनामा उल्लेख्य भूमिका निर्वाह गर्दै प्रविधिमैत्री सेवाको बिस्तार एंव वित्तीय पहुंचको प्रबर्द्धन र बिस्तारमा गरेको योगदानलाई कदर गरि सम्मानित हुन लाग्नु भएको भन्दै बधाई तथा शुभकामना दिनु भएको थियो ।

बधाई तथा शुभकामना कार्यक्रममा जनसचेतन साकोसका संस्थापक अध्यक्ष यज्ञराज ढुङ्गेल र बिन्धबासिनी साकोसको प्रमुख कार्यकारी अधिकृत के.बीलामाले सम्मान र अवार्डको लागि सहकारी बैंकले अक्कुमा गरेको सिफारिस प्रति बैंकलाई धन्यबाद दिँदै खुसि व्यक्त गर्नु भएको थियो । उहाँहरुले अक्कुले अवार्ड दिने घोषणा गरेसंगै सहकारीको बिकास र प्रबर्द्धन लगायत समग्र अभियानमा जिम्मेवारी बढेको बताउनुभयो ।

बैंकको सदस्य सेवा डिभिजनका प्रमुख रामबाबु आचार्यले संचालन गर्नु भएको कार्यक्रममा बैंकका संचालक एवं शिक्षा तालिम तथा सम्मान उप-समितिको संयोजक सरिता तिमल्सिना (भट्टराई) प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं, नायव महाप्रबन्धक किशोर प्रसाद विमली, सहायक महाप्रबन्धक राजेश श्रेष्ठ विभागिय प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो ।

# जनकपुर शाखामा कारोबार गर्ने दुई संस्था सम्मानित

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड जनकपुर शाखाको कार्य क्षेत्र भित्र आर्थिक वर्ष २०७६/७७ मा उत्कृष्ट कारोबार गर्ने दुई वटा सहकारी संस्थाहरु सम्मानित भएका छन् ।

भदौ १८ गते शुक्रबार सम्मानित हुने संस्थाहरुमा उत्कृष्ट कारोबार बिधामा रघुनाथपुर, धनुषा स्थित शुभश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित कारोबार गर्ने विधातर्फ जनकपुर, धनुषा स्थित शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन् ।

सम्मानित दुबै संस्थाहरुलाई बैंकको कार्यालयमा शुक्रबार एक कार्यक्रमको आयोजना गरि प्रदेश नम्बर-२, का सांसद शिवचन्द्र चौधरीले प्रशंसा पत्र बितरण गर्नु भएको थियो । जनकपुर शाखा समन्वय उप-समितिका संयोजक संजय कुमार साहको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि प्रदेश नम्बर-२, का सांसद शिवचन्द्र चौधरी विशिष्ट अतिथि राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका संचालक रामबाबु यादब, बिशिष्ट अतिथिहरु बैकका संचालक एवं प्रदेश नम्बर-२, का संयोजक बिश्वनाथ मण्डल, संचालक ध्रुव नारायण यादब लगायत सहकारी संघ/संस्थाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# तालचोकमा सहकारी संस्थामा सुशासन विषयक तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड तालचोक शाखाको आयोजनामा सहकारी संस्थामा सुशासन विषयक एक दिने तालिम भदौ १६ गते बुधबार सम्पन्न भएको छ ।

भर्चुअल माध्यमबाट आयोजना भएको तालिमको शुभारम्भ गर्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारीलाई वित्तीय रुपमा सक्षम तथा संस्थागत रुपमा सुशासनयुक्त बनाउन आवश्यक रहेको बताउनुभयो । उहाँले सहकारीहरुको संस्थागत अवस्थामा सुधार ल्याउनका लागि सहकारी बैंकले वित्तीय तथा गैर वित्तीय विभिन्न सेवाहरु सञ्चालन गरेको भन्दै उहाँले सहकार्य गरेर अगाडि बढ्न आव्हान गर्नु भयो ।

कार्यक्रममा सहजीकरण गर्दै बैंकका सञ्चालक एवम् शिक्षा, तालिम तथा सम्मान उपसमितिका संयोजक सरिता भट्टराईले सहकारीलाई संस्थागत रुपमा सुशासनयुक्त बनाउन यसका संरचनाहरुको प्रभावकारिता आवश्यक रहेको बताउनुभयो । बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहकारीहरुमा सुशासन कायम गर्न, सहकारी मार्फत समाज रुपान्तरणका लागि सहकारी बैंकले राज्यका विभिन्न निकायहरुसंग समन्वय गरेर अगाडि बढेको बताउनुभयो । कार्यक्रममा बैंकको ताल्चोक शाखा कार्यालय अन्तर्गत कारोबार गर्ने त्यस क्षेत्रका सहकारी संघ/संस्थाका पदाधिकारी, संचालक, व्यवस्थापक तथा कर्मचारीहरु लगायत एक सय भन्दा बढीको सहभागिता रहेको थियो । बैंकको बरिष्ठ अधिकृत मिना कुमारी शर्माले संचालन गर्नु भएको कार्यक्रममा स्वागत ताल्चोक शाखाका प्रमुख सन्तोष घिमिरेले गर्नु भएको थियो ।

# सहकारीको विकासमा स्थानीय सरकार प्रतिबद्ध छ : नगर प्रमुख श्रेष्ठ

ललितपुर । महालक्ष्मी नगरपालिका ललितपुरका नगर प्रमुख रामेश्वर श्रेष्ठले सहकारीको विकासमा स्थानीय सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ । भदौ १६ गते बुधबार राष्ट्रिय सहकारी बैंक लिमिटेड ईमाडोल शाखा अन्तरर्गतका सहकारी संस्था र महालक्ष्मी नगरपालिका ललितपुर भित्र रहेका सहकारी संस्थाहरु बिच भएको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै श्रेष्ठले यस्तो बताउनु भएको हो ।

बैंक र नगरपालिकाको संयूक्त आयोजनामा भएको कार्यक्रममा उहाँले स्थानीय स्तरमा रहेका सहकारीहरुको विकास र प्रबर्द्धनको लागि स्थानीय सरकार प्रतिबद्ध छ, र आगामी दिनमा समेत सहकारी बैंकसंग सहकार्य गरेर यस्ता खालका कार्यक्रमहरु संचालन गर्ने बताउनु भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेडका संचालक रामहरी बजगाईंले सहकारी संघ/संस्थाहरुको दिगो विकास र प्रबर्द्धनको लागि स्थानिय सरकार र सहकारी संस्थाहरु बिच हातेमालो गर्दै अघि बढ्नु पर्नेमा जोड दिनु भयो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले समुदायमा आधारित स्थानीय विकासको लागि रणनीति र स्थानीय सरकारको भुमिका तथा नगर प्रमुख रामेश्वर श्रेष्ठले नियामक निकायको भूमिका विषयक प्रस्तुतिकरण राख्नु भएको थियो ।

भर्चुअल माध्यम मार्फत भएको कार्यक्रममा बैंकको इमाडोल शाखा अन्तर्गत र महालक्ष्मी नगरपालिका क्षेत्र भित्रका ८० वटा भन्दा बढी सहकारी संघ/संस्थाका प्रतिनिधिहरुले  सहभागिता जनाएका थिए ।

## संस्था परिचय

# श्री शुभकामना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

साविक दुलेगौंडा-७, हाल शुक्लागण्डकी नगरपालिका-४, दुलेगौंडा, तनहुँमा अवस्थित श्री शुभकामना बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बि.सं २०६३ साल पौष १७ गते स्थापना भएको एक बहुउद्देश्यीय सहकारी संस्था हो । यस संस्थाले ३२ जना शेयर सदस्यहरूको ९६ लाख पुँजीबाट आफ्नो कारोबार शुरू गरेको थियो । मुलत तनहुँ जिल्लाका साविक ढोरफिर्दी, दुलेगौंडा, खैरेनीटार, छाङ र मनपाङ लगायतका पाँच गा.वि.स. हरूलाई आफ्नो कार्य क्षेत्र बनाई कारोबार शुरु गरेको यस संस्थाको हाल कुल सदस्य संख्या ६,४१६ जना, कुलपुँजी रू. ६,२७,४९,४००/- रहेको छ । संस्थाको जगेडा कोष रू. ३,३३,८८,६६५/- छ भने गत बर्षको प्रारम्भिक नाफा रू. १,८० ,८८ ,१२२/- रहेको छ ।




संस्थाले दुलेगौंडामा सुबिधा सम्पन्न पाँच तला भएको ब्यापारिक कम्प्लेक्स बिभिन्न संस्था एवम् ब्यापारीहरुलाई भाडामा दिई सञ्चालनमा ल्याएको छ । संस्थाको सभाकक्ष पनि सोहि भवनमा रहेको छ । यसै गरि शुक्ला गण्डकी नगरपालिकाको पर्यटकीय क्षेत्र शुक्ला गण्डकी -२, भुजीकोटमा ग्रामीण कृषि पर्यटन कार्यक्रमको लागि १५ रोपनी जग्गा खरिद गरिसकेको छ, भने ढोरफिर्दी क्षेत्रमा सुबिधा सम्पन्न ब्यापारिक कम्प्लेक्स निर्माणको लागि गणपति चोकमा डेढ रोपनीको घडेरी समेत खरिद गरि सकेको छ । हाल संस्थाका एक सेवा केन्द्र खैरेनीटारमा रहेको र ढोरफिर्दीमा सेवा केन्द्रको अनुमतिलिने प्रक्रियामा रहेको छ । हालै पन्ध्रौ बार्षिकोत्सवको अवसरमा एक कृषि सामाग्री बिक्रि केन्द्र दुलेगौंडा बजारमा सञ्चालनमा ल्याएको छ । कृषि सामाग्री बिक्रि केन्द्रले हाल कुखुराको दाना, चल्ला र रासायनिक मल सुपथ मुल्यमा कृषक सदस्यहरूलाई बिक्रि बितरण गर्दै आईरहेको छ ।

**१) संस्थाको बर्तमानकार्य क्षेत्र** :

साविक दुलेगौंडा, खैरेनीटार, ढोरफिर्दी, छाङ, मनपाङ, भिमाद र जामुने गा.वि.स. हरू (हाल शुक्लागण्डकी नगरपालिका ,म्याग्दे गांउपालिका र भिमाद नगरपालिकामा पर्ने)

**२) संस्थाका कार्यालयहरू** :

प्रधान कार्यालय : शुक्लागण्डकी-४, दुलेगौंडा तनहुँ ।
सेवा केन्द्र : शुक्लागण्डकी -६, खैरेनीटार तनहुँ ।
कृषि सामाग्री बिक्रि केन्द्र :-शुक्लागण्डकी-४, दुलेगौंडा तनहुँ ।
बचत संकलन केन्द्रः- शुक्लागण्डकी-८, ढोरफिर्दी

**३) संस्थाको दीर्घकालीन उद्देश्यहरू** :

क) सदस्यहरूलाई बचत तथा कर्जाको जस्तोसुकै आवश्यकता पूरा गर्ने ।

ख) सदस्यहरुको कृषि व्यवसायलाई सपोर्ट गर्ने गरी कुखुरा, पशु, पन्छीको दाना, रासायनिक मल सुपथ मुल्यमा उपलब्ध गराई उनीहरूको आर्थिक संरक्षण मार्फत आयस्तरमा बृद्धि गराउने ।

ग) ग्रामीण कृषि पर्यटनलाई टेवा पुग्ने गरी शुक्लागण्डकी-२, भुजीकोटमा होमस्टेमा आधारित आधुनिक रिसोर्टको विकास गर्ने ।

घ) ढोरफिर्दि क्षेत्रको समग्र बिकास तथा सदस्यहरुको सेवा सुविधालाई ध्यानमा राख्दै **सहकारिता (श्रावण-भाद्र) -८** सपिङ कम्प्लेक्सको निर्माण र विकास गर्ने ।

ङ) संस्थाको कार्य क्षेत्रको बिस्तार र सेवा केन्द्रहरुको संख्यामा वृद्धि गरी संस्थाको सेवा सुचारू र विस्तार गर्ने ।

### ४) दीर्घकालीन उद्देश्य प्राप्तिका लागि गरिएका कामहरू र उपलब्धिहरू :

**क)** संस्थाले खैरेनीटार क्षेत्रका सदस्यहरुको हितलाई ध्यानमा राख्दै सदस्य केन्द्रित सेवा तथा वचत र कर्जाको कारोबार शुक्लागण्डकी ६ खैरेनीटारमा सेवा केन्द्र स्थापना गरी गर्दै गरेको र ढोरफिर्दी क्षेत्रका शेयर सदस्यहरुको लागि शुक्लागण्डकी-८, ढोरफिर्दीमा बचत संकलन केन्द्र राखिएको र सेवा केन्द्रको अनुमतिका लागि रजिष्ट्रारको कार्यालयमा फाईल बुझाईएको अवस्था छ, भने म्याग्दे र भिमाद क्षेत्रमा पनि क्रमश सेवा केन्द्र सञ्चालन गर्ने नीति लिईएको छ ।




**ख)** कृषक सदस्यहरुको आयस्तर बढाउनको लागि कृषि सामाग्री बिक्रि केन्द्रको स्थापना गरी सुपथ मुल्यमा पशु पन्छीको दाना, कुखुराका चल्ला, रासायनिक मलको विक्रि बितरण गरिरहेको अवस्था छ । उक्त कृषि सामाग्री बिक्रि केन्द्र सन्तोषजनक नाफामा रहेको छ ।

**ग)** ग्रामीण कृषि पर्यटनको विकासको लागि पर्यटकीय स्थल शुक्लागण्डकी-२, भुजिकोटमा संस्थाको नाममा करीब १५ रोपनी जग्गा खरिद गरिसकिएको छ र स्थिति सहज हुना साथ होमस्टेमा आधारित रिसोर्टको स्थापना गर्न सकिने अवस्था रहेको छ ।

**घ)** ढोरफिर्दीमा सुबिधा सम्पन्न व्यापारिक कम्प्लेक्सको निर्माणको लागि ढोरफिर्दी गणपति चोकमा १ रोपनी ६ आनाको जग्गा खरीद गरि सकिएको छ ।

**ङ)** संस्थाले ढोरफिर्दीमा सेवा केन्द्र स्थापना गर्नको लागि वडा र नगरपालिकाबाट अनुमति लिईसकेको र प्रदेश कार्यालयबाट अनुमतिको लागि फाईल पेश भैसकेछ भने म्याग्दे गा.पा.मा समेत सेवा केन्द्रको अनुमतिलिनको लागि साधारण सभावाट निर्णय भैसकेको अबस्था छ ।

### ५) संस्थाले समुदायमा गरेका महत्वपुर्ण सामाजिक कार्यहरू :

**क)** तनहुँ जिल्लाको धार्मिक पर्यटकीय क्षेत्र ढोरवाराही मन्दिर जाने वाटोको ढोरफिर्दी पाटन चोकमा ढोरवाराही मन्दिर प्रवेशद्धारको निर्माण ।

**ख)** पञ्चमुनिदेव माध्यामिक विद्यालय, हंस वाहिनी माध्यामिक विद्यालय र शहिद कृष्ण मा.वि. प्रत्येकलाई बिभिन्न समयमा जनही रु १०,५९०/- स्कुलको भौतिक र शैक्षिक विकासका लागि आर्थिक सहयोग प्रदान गरिएको । त्यसरी नै सरस्वती नमुना मा. बि. र शान्ती प्रा.वि. लाई जनही रु ५,५९०/- आर्थिक सहयोग प्रदान ।

**ग)** प्रधानमन्त्री दैवीप्रकोप उद्धार एवं राहत कोषमा रू. १,११,१११/- आर्थिक सहयोग प्रदान ।

**घ)** च्यवन धामको विकासको निम्ति रू १०,५९०/- र तिनखोले देवीमन्दिरको विकास एवम् जिर्णोद्वारका लागि रू. ५,१३०/- प्रदान ।

**ङ)** शुक्लाहिलेटार शवदहन स्थल निर्माणार्थ ढोरफिर्दी तर्फ रू १०,१३०, त्यसरी नै दुलेगौंडा तर्फको शवदहन स्थलको लागि रू १०,१३०/- र भृगु त्रिवेणीधाम शवदहन स्थल बेलचौताराका लागि रू १०,१३०/- आर्थिक सहयोग प्रदान ।

**च)** विश्व भर फैलिएको कोरोना भाईरसको रोकथाम र नियन्त्रणका लागि शुक्लागण्डकी नगरपालिकाको राहात कोषमा रू. २५,२२०/- आर्थिक सहयोग प्रदान ।

**छ)** दुलेगौंडा बजारमा रहेको शिवपाञ्चायन मन्दिरको प्रवेशद्वार र गेटको निर्माण । बिभिन्न क्लवहरु एवं आमा समुहहरूद्वारा सञ्चालित खेलकुद प्रतियोगिताहरू र साँस्कृतिक कार्यक्रमहरूलाई बिभिन्न समयमा आर्थिक सहयोग प्रदान गरिएको छ ।

**ज)** संस्थाको वार्षिककोत्सवको अवसरमा प्रत्येक वर्ष स्कुलहरूमा शैक्षिक सामाग्री र न्यानो कपडा वितरण गर्ने गरिएको र साथै प्रत्येक बर्ष एक स्वास्थ्य कार्यक्रम जस्तो शेयर सदस्यहरूको पूर्ण स्वास्थ्य परीक्षण, गर्भवती महिलाहरूलाई पौष्टिक आहार वितरण, जि.पी. कोईराला अस्पतालका बिरामीहरूलाई पौष्टिक आहार एवं फलफूल बितरण कार्यक्रम जस्ता कार्यक्रमहरू गरिदै आईएको छ ।

झ). शेयर सदस्यहरूको मृत्यु भएमा किरिया खर्च बापत रू. १५,०००/- प्रदान गर्ने गरिएको ।

ञ) प्रत्येक बर्ष ७० वर्ष माथिका शेयर सदस्यहरूलाई दोसाल्ला र रू ५,०००/- ले सम्मान गरिएको, उत्कृष्ट कृषक पुरस्कार व्यक्ति र समुह दुवैलाई उत्कृष्ट पत्रकार सम्मान १०+२ मा उत्कृष्ट जि.पि.ए. ल्याउने शेयर सदस्यहरुका सन्ततिमध्ये छात्र तर्फ एक र छात्रा तर्फ एक जनालाई दोसाल्ला र रू. ४,००० सहित सम्मान गर्ने गरिएको ।

**६) संस्थाले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू :**
मिति २०७४ साल मंसीरको ७ गते छैटौं राष्ट्रिय कर दिवसको अवसरमा आन्तरिक राजस्व कार्यालय पोखराद्वारा प्रदेश नं ४ को उत्कृष्ट करदाताको रूपमा सम्मान ।

मिति २०७५ साल चैत्र १२ गते ६२औं राष्ट्रिय कर दिवसको अवसरमा राष्ट्रिय सहकारी बैंक लिमिटेडबाट जिल्लाको सवै भन्दा उत्कृष्ट कारोबार भएको सहकारीको रूपमा सम्मान प्राप्त ।

# राजबिराज शाखामा सदस्य संस्था सम्मानित

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड राजबिराज शाखाको आयोजनामा सदस्य सहकारी संस्था सम्मान तथा अन्तरक्रिया कार्यक्रम भदौ २६ गते आइतबार सम्पन्न भएको छ ।

बैंकको राजबिराज शाखाको हलमा आयोजित सम्मान तथा अन्तरक्रिया कार्यक्रममा बैंकको राजबिराज शाखा क्षेत्रभित्रका सहकारी संघ/संस्थाका प्रतिनिधिहरु बिचमा सम्मान तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका बरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओम देवी मल्लले समग्र सहकारी अभियानमा सबैभन्दा पछाडि परेको प्रदेश नंम्बर-२, को अभियानलाई सशक्त र प्रभाबकारी बनाउन यहाँका सहकारी अभियन्ताहरुले नै बिशेष पहल कदमी अगाडि बढाउनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले सन्दर्भ ब्याजदर सहुलीयत कर्जा र सहकारी क्षेत्रमा महिला सहभागिताको बिषयलाई बिशेष रुपमा उठान गर्नु पर्ने बताउनु भयो ।

बैंकका अध्यक्ष के.बी उप्रेतीले सहकारी संघ/संस्थाको बिकास र प्रबर्द्धनमा वित्तीय तथा गैर-वित्तीय क्षेत्रमा समेत बैंकले सेवा दिई रहेकोले बैंक मार्फतनै सम्पूर्ण कारोबार गर्न आग्रह गर्नु भयो ।

कार्यक्रममा बैंकको राजबिराज शाखाका प्रमुख चन्द्रमणी भट्टराईले सहकारी संघ/संस्थाको बिकासमा सहकारी बैंकको भुमिका र भावि कार्य दिशा विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका संचालक एवं प्रदेश नं.२, का संयोजक विश्वनाथ मण्डल, संचालक ध्रुव नारायण यादव, राजबिराज शाखा समन्वय उपसमितिका संयोजक गणेश कुमार आस, जिल्ला सहकारी संघ लिमिटेड सप्तरीका प्रबन्धक रमेश कुमार गुप्ता लगायतले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा त्यस क्षेत्रका ४० वटा सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

त्यसैगरी बैंकको राजबिराज शाखामा कारोबार गर्ने दुई वटा सहकारी संस्था सम्मानित भएका छन् । आर्थिक वर्ष २०७६/०७७ मा उत्कृष्ट र नियमित कारोबार गर्ने दुई वटा सहकारी संस्थाहरु सम्मानित भएका हुन् । सम्मानित हुने संस्थाहरुमा उत्कृष्ट तर्फ आइडियल सहकारी संस्था लिमिटेड र नियमित कारोबार गर्ने त्रियुगा सहकारी संस्था लिमिटेड सम्मानित भएका हुन । सम्मानित संस्थालाई प्रमुख अतिथि मल्ल र अध्यक्ष उप्रेतीले संयुक्त रुपमा प्रशंसा पत्र वितरण गर्नु भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा प्रतिनिधिहरुले उठान गरेको विषयलाई अध्यक्ष उप्रेती र संचालक ध्रुव नारायण यादबले सम्बोधन गर्नु भएको थियो ।

# सहुलियत पूर्ण कर्जा सहकारी बैंक मार्फत लगानी गर्न पहल भईरहेको छः वरिष्ठ उपाध्यक्ष मल्ल



ललितपुर, । राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका बरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघको ग्लोबल बोर्ड सदस्य ओम देवी मल्लले सरकारबाट प्राप्त हुने सहुलियत पूर्ण कर्जा राष्ट्रिय सहकारी बैंक मार्फत लगानी गर्न पहल भईरहेको बताउनु भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड लहान शाखाको आयोजनामा भदौ २७ गते आयोजित सहकारी बैंक र सहकारी संघ/संस्थाहरु बीच भएको अन्तरक्रिया तथा सम्मान/पुरस्कार वितरण कार्यक्रममा बोल्दै उहाँले सरकारको विभिन्न निकायले वितरण गर्ने सहुलियतपूर्ण कर्जा बैंक मार्फत नै सहकारी संस्थाहरुलाई वितरण गर्ने गरि सहकारी अभियानले पहल गरिरहेको बताउनु भएको हो ।

उहाँले प्रदेश नं. २, को जिल्ला सहकारी संघ तथा विषयगत संघहरु निष्कृय भएकाले सहकारी अभियान नै निष्कृय भएकोले सहकारी अभियानलाई चलायमान बनाउन र यस क्षेत्रका सहकारी संघ/संस्थाहरुको विकासको लागि महासंघको प्रतिनिधिको रुपमा दुई नम्बर प्रदेशको सहकारी मन्त्री, अर्थमन्त्री र संघिय तथा स्थानीय सरकारसंग सहकारी गतिविधिको लागि महासंघ र बैंकले पहल गरिरहेको बताउनु भयो । त्यसैगरि बैंकले सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई वित्तीय तथा गैर-वित्तीय दुवै सेवा प्रदान गर्ने भएकाले अन्यसंग बैंकलाई दाज्नै नमिल्ने उल्लेख गर्नु भयो । त्यस्तै सन्दर्भ ब्याजदरको

विषयमा विषम परिस्थितिको कारण नघटाउन हाललाई सहकारी अभियानले पहल जारी राखेको पनि जानकारी गराउनु भयो । राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी उप्रेतीले समग्र बैंकको गतिविधिको जानकारी गराउँदै तिनै तहका सरकारसंग सफ्टलोन सहकारी बैंक मार्फत गराउन पहल गरिरहेको भन्दै बागमती प्रदेशमा केहि समय पछि नै सो कर्जा प्रवाह हुने बताउनु भयो ।

उहाँले सहकारी संस्थाले उचित कार्ययोजना बनाई कृषि उत्पादन र स्वरोजगार हुने परियोजनाको प्रस्ताव आए बैंकले ६ प्रतिशतमानै कर्जा लगानी गर्न तयार रहेको जानकारी दिनु हुँदै सहकारीका सम्पूर्ण तालिम तथा शिक्षाका कार्यक्रम तथा अन्य गतिविधिको लागि स्थानीय सहकारीकर्मीहरुले नै पहल गर्नुपर्ने र सो को लागि विशेष भूमिका जिल्ला संघ, विषयगत संघको रहने बताउनु भयो ।

कार्यक्रमका अतिथि तथा बैंकका संचालक ध्रुव नारायण यादवले आफ्ना सदस्य संघ/संस्थाहरुलाई स्वस्थ बनाई राख्न सहकारी बैंक अगाडि बढेको बताउनु भयो । कार्यक्रममा बैंकको लहान शाखाका प्रमुख समिर श्रेष्ठले सहकारी संघ/संस्थाको विकासमा सहकारी बैंकको भूमिका र भावी कार्यदिशा विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । राष्ट्रिय सहकारी बैंक लिमिटेडका संचालक एवं प्रदेश नम्बर-२, का संयोजक विश्वनाथ मण्डलले संचालन गर्नु भएको कार्यक्रममा स्वागत मन्तव्य बैंकको लहान शाखा समन्वय उप-समितिका सदस्य देव कुमारी लामाले गर्नु भएको थियो । राष्ट्रिय सहकारी बैंक लिमिटेड लहानशाखा समन्वय उप-समितिका संयोजक संजय कुमार महतोको अध्यक्षतामा भएको कार्यक्रममा सिरहा जिल्ला र उदयपुर जिल्लाको कटारी र त्रियुगा नगरपालिका क्षेत्रमा संचालित ८० वटा सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

त्यसैगरी बैंकको लहान शाखामा कारोबार गर्ने दुई वटा सहकारी संस्थाहरु सम्मानित भएका छन् । आर्थिक वर्ष २०७६/०७७ मा उत्कृष्ट र नियमित कारोबार गर्ने दुईवटा सहकारी संस्थाहरु सम्मानित भएका हुन् । सम्मानित हुने संस्थाहरुमा उत्कृष्ट तर्फ द-सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमित कारोबार गर्ने मिथिलाञ्चल कृषि सहकारी संस्था लिमिटेड सम्मानित भएका हुन् । सम्मानित संस्थालाई प्रमुख अतिथि मल्ल र अध्यक्ष उप्रतीले संयूक्त रुपमा प्रशंसा पत्र वितरण गर्नु भएको थियो ।

## प्रदेश नं. २ को अर्थ र सहकारी मन्त्रिसंग सहकारी बैंकको छलफल, सुलभ कर्जा उपलब्ध गराउन प्रदेश सरकार सकारात्मक

ललितपुर । प्रदेश नम्बर-२, का नवनियुक्त अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह र भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्री माननीय बिजय कुमार यादबलाई २८ भदौ सोमबारका दिन एक कार्यक्रमका बीच राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका बरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघको ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्ल र राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी उप्रेती सहितको टोलिले भेट गरि बधाई तथा शुभकामना दिएको छ ।



महासंघका वरिष्ठ उपाध्यक्ष मल्ल र बैंकको अध्यक्ष उप्रेती सहितको टोलिले अर्थ र भूमिब्यबस्था कृषि तथा सहकारी मन्त्रालयमा छुट्टा-छुट्टै भेट गरि बधाई तथा शुभकामना दिएको हो । प्रदेशको अर्थ मन्त्री र भूमिब्यबस्था कृषि तथा सहकारी मन्त्री सँगको भेटमा प्रदेश नम्बर-२, को संसदमा बिचाराधिन प्रदेश सहकारी ऐनमा सहकारीको बिकास र प्रबर्द्धनमा सघाउ पुग्ने प्राबधान समेट्न समेत अनुरोध गरीएको थियो । प्रदेश मन्त्रालयबाट सुलभ ब्याजदरमा कर्जा उपलब्ध भएमा थोरै मार्जिन राखेर राष्ट्रिय सहकारी बैंक मार्फत प्रदेश नम्बर-२ का

गरिब जनताको बिकासमा लगानी गर्ने बिषयमा समेत छलफल भएको छ । साथै दुबै जना मन्त्रीहरुबाट बैंक मार्फत सुलभ कर्जा उपलब्ध गराउनेमा प्रदेश सरकार सकारात्मक रहेको समेत दुबै मन्त्रीहरुले प्रतिबद्धता ब्यक्त गर्नु भएको बैंकका अध्यक्ष के.बी उप्रेतीले बताउनु भयो । भेटघाट तथा छलफल कार्यक्रममा बैंकका संचालक एवं प्रदेश नम्बर-२, का संयोजक विश्वनाथ मण्डल, संचालक धुव्र नारायण यादब तथा बैंकको जनकपुर शाखाका प्रमुख बिष्णु प्रसाद पराजुली लगायतको सहभागिता रहेको थियो ।

# ५७ औं राष्ट्रिय बाल दिवसः राष्ट्रिय सहकारी बैंकको ६८ वटै शाखा मार्फत विभिन्न कार्यक्रम गरि सम्पन्न



ललितपुर । युवा विद्यार्थीहरुलाई सहकारीका बारेमा सचेत बनाउने उद्देश्यका साथ ५७ औं राष्ट्रिय बालदिवसको अवसर पारेर राष्ट्रिय सहकारी बैंक लिमिटेडले ६८ वटै शाखा कार्यालय मार्फत सामुदायिक विद्यालयमा विभिन्न कार्यक्रम गरेको छ । बैंकले वार्षिक कार्यक्रम अनुसार सबै शाखाहरु मार्फत सामुदायिक विद्यालयहरुमा निबन्ध लेखन, वक्तृत्वकला, हाजिरीजवाफ प्रतियोगिता, वित्तीय साक्षरताल गायतका अन्तरक्रिया, छलफल, तथा तालिमको आयोजना गरेको हो ।

बाल दिवसको अवसरमा सबै शाखाहरु मार्फत एक/एक वटा विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप जस्ता कार्यक्रम गरी बाल दिवस मनाईएको बैंकका अध्यक्ष के.बी उप्रेतीले जानकारी दिनुभयो । सहकारी बैंकको युवा तथा विद्यार्थी लक्षित कार्यक्रम अन्तरगत युवा विद्यार्थीहरुलाई सहकारीका बारेमा सचेत बनाउने योजना अनुसारनै ६४ औं राष्ट्रिय सहकारी दिवसको समयमा गठन गरिएको बालक्लवलाई लक्षित गरि कार्यक्रम गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले बताउनु भयो ।

उहाँले बाल दिवसको सन्दर्भ पारेर विद्यार्थीहरुलाई सहकारीमा आकर्षण गराउन तथा सहकारी प्रतिको सकारात्मक धारणा विकास गर्नको लागि सहकारी बाल क्लवहरुमा आवद्ध हुने बालबालिका तथा विद्यार्थीहरुलाई परिचालन गरिएको उहाँको भनाइ छ । सहकारी बाल क्लव मार्फत विद्यालयहरुमा सहकारी सचेतना, वित्तीय साक्षरता, निवन्ध प्रतियोगिता लगायत विविध रचनात्मक र सिर्जनशिल कार्यक्रम गरिएको बैंकले जनाएको छ ।

भदौ २९ गते राष्ट्रिय बाल दिवसको अबसरमा बैंकको ठिमि र कमलविनायक शाखाले आयोजना गरेको वित्तीय साक्षरता सहितको बाल क्लब गठन कायक्रममा बैंकको संचालक एवं शिक्षा, तालिम तथा सम्मान उपसमितिको संयोजक सरिता भट्टराई, बागलुङ र कलंकी शाखाले आयोजना गरेको वित्तीय साक्षरता कार्यक्रममा बैंकका संचालक एवं गण्डकी प्रदेश संयोजक रामबहादुर जि.सी र संचालक केदार मानन्धर, लगनखेल र तिलोत्तमा शाखाले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा बैंकका संचालकहरु रामहरी बजगाई र माधवलाल देवकोटा उपस्थित हुनूभएको थियो ।

बालदिवसको अबसरमा बैंकको दैलेख, चापागाउँ, बुटवल, चन्द्रपुर, हरिवन र तुलसीपुर शाखाले वित्तीय साक्षरता कार्यक्रम गरेको थियो, त्यस्तै चावहिल, धनकुटा, कलैया र दोलखा शाखाले हाजिरी जवाफ प्रतियोगिता गरेका थिए, भने घोराही शाखाले निबन्ध लेखन कार्यक्रम सम्पन्न गरेको छन् । शाखा कार्यालयहरुले आयोजना गरेको कार्यक्रममा बैंकका कर्मचारीहरु, विद्यालयका प्रधानाध्यापक, बालक्लबको संरक्षक, शिक्षक, शिक्षिकाहरु, बालक्लबको अध्यक्षहरु तथा विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

# किर्तिपुरका सहकारीकर्मीहरूका लागि साईबर सुरक्षा तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड किर्तिपुर शाखाले त्यस क्षेत्रका सहकारी संघ/संस्थाहरुका प्रतिनिधिहरुको लागि आयोजना गरेको साईबर सुरक्षा सम्बन्धि एक दिने तालिम भदौ ३० गते भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । सहकारी संघ/संस्थामा कार्यरत कर्मचारीहरुको लागि सुचना, प्रविधि तथा साईबर सुरक्षालाई जोड दिँदै बैंकले सदस्य संघ/संस्थाका जनशक्तिहरुलाई प्रविधिको प्रयोगमा दक्षता वृद्धी गराउने उद्देश्यले आयोजना गरेको तालिममा किर्तिपुर शाखामा कारोबार गर्ने ४२ वटा भन्दा बढी सहकारी संघ/संस्थाका सहकारीकर्मीहरुले सहभागिता जनाएका थिए ।

तालिममा बैंकका प्रमुख प्रविधि अधिकृत नविन कुमार कार्कीले सहकारी संस्थाहरुमा प्रविधिको प्रयोगका क्रममा आउन सक्ने जोखिम तथा खतराबाट जोगिने उपायहरु, समयानुकूल सहकारी संघ/संस्थामा प्रयोग गरिने नयाँ-नयाँ प्रविधि, त्यसबाट हुन सक्ने हानि तथा नोक्सानी लगायत साइबर सुरक्षाको लागि अपनाउनु पर्ने उपायका विषयमा सहजीकरण गर्नु भएको  थियो । तालिम विभागका वरिष्ठ अधिकृत मिना कुमारी शर्माले सञ्चालन गर्नु भएको तालिमको शाखा प्रमुख समिर मानन्धरले स्वागत मन्तव्य राख्नु भएको थियो । पछिल्लो समय सहकारी संघ/संस्थामा साईबर सुरक्षा चुनौतिको विषय बनेकाले बैंकले आफ्ना सदस्य संस्थाहरुमा हुने नोक्सानीलाई कम गर्नको लागि साईबर सुरक्षा तालिम संचालन गरेको बैंकले जनाएको छ ।

# तीन जिल्लाका सहकारकर्मीहरूबीच सदस्यहरूको उत्पादन, प्रशोधन र बजारीकरण विषयक अन्तरक्रियात्मक गोष्ठी




ललितपुर । प्रदेश नम्बर एकका तीन जिल्लाका सहकारीकर्मीहरु बिच सहकारी संस्थाका सदस्यहरुको उत्पादन, प्रशोधन र बजारीकरणको क्षेत्रमा विद्यमान अवस्थाको बारेमा एक दिने अन्तरक्रियात्मक गोष्ठी सम्पन्न भएको छ ।

भदौ ३० गते प्रदेश नं. १, को थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेड झापाको आयोजना तथा राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपाल, राष्ट्रिय सहकारी बैंक लिमिटेडको ईलाम र फिदिम शाखाको सहकार्यमा इलाम, पाँचथर र ताप्लेजुङका सहकारी संस्थाहरु बिच सदस्यहरुको उत्पादन, प्रशोधन र बजारीकरणको क्षेत्रमा विद्यमान अवस्थाको बारेमा एक दिने अन्तरक्रियात्मक गोष्ठि इलाममा सम्पन्न भएको थियो ।

कार्यक्रममा बैंकका नि-वर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेलले सहकारी संस्थाका सदस्यहरुले उत्पादन गरेको बस्तु तथा सेवालाई बजारसम्म पुऱ्याउने काम सहकारी संस्थाहरुले गर्नु पर्ने बताउनु भयो । उहाँले सदस्यले उत्पादन गरेको विभिन्न कृषि तथा घरेलु जन्य बस्तुहरु सहकारी संस्थाले खरिद गरिदिने र बजारसम्म पुऱ्याएर संस्थाले बिक्रि वितरण गरि सदस्यहरुलाई रकम भुक्तानी गर्नुपर्ने कुरामा जोड दिदै त्यसले कृषि उत्पादनमा वृद्धि भई रोजगारी सिर्जना हुने र गरिबी घट्ने दाबी गर्नुभयो ।

त्यस्तै बैंकका संचालक एंव प्रदेश नम्बर एकका संयोजक महेन्द्र कुमार गिरीले सहकारी संस्थाहरुलाई कृषि तथा घरेलु उत्पादनमा जोड दिनको लागि बैंकले सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराएको भन्दै त्यसको उपभोग गर्न सहकारी संस्थाका प्रतिनिधिहरुलाई आग्रह गर्दै, संस्थाहरुलाई व्यवसायिक उत्पादन गर्ने कार्यमा लाग्न सुझाव दिनु भयो ।

त्यस्तै प्रदेश नं. एक को थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ झापाका संचालक प्रेम सापकोटाले सदस्यहरुको उत्पादनलाई व्यवस्थित तरिकाले बजार सम्म पु¥याउन र बाहिरको नाफा भन्दा सदस्यहरुलाई बढी नाफा हुने, बजारको अभाव नहुने, खरिद र विक्री गर्नमा सदस्यहरुलाई सजिलो उद्देश्यले व्यवसायिक संस्था दर्ता गरिसकेको र सबै संघ संस्थालाई आवद्ध हुन अपिल समेत गर्नु भयो ।

राष्ट्रिय सहकारी बैंकको संचालक एंव प्रदेश नं. १ का संयोजक महेन्द्र कुमार गिरीको अध्यक्षतामा भएको कार्यक्रममा, राष्ट्रिय सहकारी महासंघका संचालक गणेश ढकाल, सहकारी विज्ञ कुबेर निरौला, थोक उपभोत्ता विशिष्टिकृत सहकारी संघका संचालकहरू लगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा पाँचथर, ताप्लेजुङ र इलामका सहकारी संस्थाहरुका ६० जना भन्दा बढी प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा जिल्ला सहकारी संघ लिमिटेड इलामका उपाध्यक्ष लिला प्रसाद थापा क्षेत्रीले स्वागत मन्तव्य राख्नु भएको थियो ।

सोही कार्यक्रममा राष्ट्रिय सहकारी बैक लिमिटेड ईलाम शाखाले शाखाको कार्यक्षेत्रभित्र रहेका उत्कृष्ट २ वटा सहकारी संस्थाहरुलाई सम्मान गरेको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १७ औं वार्षिक साधारण सभामा घोषणा भएको इलाम शाखा अन्तर्गत आर्थिक वर्ष. २०७६/०७७ मा उत्कृष्ट कारोबार गर्ने पाथी भरा मल्टिपल कोअपरेटिभ रोड २, कोल्बुङ र नियमित कारोबार गर्ने सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलाम-७, मालापथलाई सम्मान गरिएको बैंकको ईलाम शाखाका प्रमुख मनोज लामिछानेले जानकारी दिनु भयो । सम्मानित संस्थालाई बैंकका नि-वर्तमन अध्यक्ष रमेश प्रसाद पोखरेलले प्रशंसापत्र वितरण गर्नु भएको थियो ।

# चावहिलमा सहकारी बैंक सम्बन्धी अन्तरक्रिया

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड चावहिल शाखाको आयोजनामा एक दिने अन्तरक्रिया तथा सहकारी संस्था सम्मान कार्यक्रम भदौ ३१ गते सम्पन्न भएको छ । कार्यक्रममा चावहिल शाखा कार्यालयमा कारोबार गर्ने त्यस क्षेत्रका सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागितामा कार्यक्रम भएको हो ।

सहभागी प्रतिनिधिहरुले सहकारी बैंकको सेवा तथा सुविधा, ऋण तथा बचतमा दिने र लिने ब्याजदर, तालिम तथा शिक्षा लगायतका विषयमा जिज्ञासा तथा सुझावहरु राखेका थिए । प्रतिनिधिहरुले राखेको जिज्ञसा तथा सुझावलाई राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी उप्रेतीले सम्बोधन गर्दै बैंकले सदस्य संघ/संस्थाहरुलाई वित्तीय तथा गैर-वित्तीय क्षेत्रमा उत्कृष्ट सेवा दिएको भन्दै, संस्थाहरुमा हुने कारोबारलाई प्रविधि मैत्री बनाउन बैंकले अन्तर सहकारी रकम स्थानान्तरण सुविधा कार्यक्रम अन्तिम चरणमा पुगेको बताउनु भयो ।

कार्यक्रममा बैंकले १७ औं वार्षिक साधारण सभाको अवसरमा घोषणा गरे अनुसार चावहिल शाखा कार्यालयसँग सदस्य सहकारी संघ/संस्थाले गरेको कारोबारको आधारमा उत्कृष्ट र नियमित कारोबार विधामा क्रमशः श्री आइडियल यमुना बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुकेधारा काठमाण्डौ र श्री सक्षम बचत तथा ऋण सहकारी संस्था लिमिटेड कपन, काठमाण्डौलाई सम्मानित गरेको छ। सम्मानित संस्थाहरुका प्रतिनिधिहरुलाई बैंकका अध्यक्ष के.बी उप्रेतीले दोसल्ला ओढाई प्रशंसा पत्र प्रदान गर्नु भएको थियो ।
बैंकका अध्यक्ष के.बी उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा बैंकको चावहिल शाखाका सल्लाहकारहरु गोविन्द काफ्ले, सिमा पुरी, सक्षम बचत तथा ऋण सहकारी संस्था संस्थाका प्रवन्ध संचालक कृष्ण प्रसाद खनाल लगायतको आतिथ्यता रहेको थियो । शाखा प्रमुख जानुका नेपालले संचालन गर्नु भएको कार्यक्रम चावहिल शाखाको शाखा समन्वय उप-समितिका पदाधिकारीहरु, सल्लाहकारहरु तथा अन्य सहकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# राष्ट्रिय सहकारी बैंकको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको वार्षिक समिक्षा कार्यक्रम भदौ २१ गते सम्पन्न भएको छ । भर्चुअल माध्यमबाट सम्पन्न भएको कार्यक्रमको पहिलो दिन भदौ २० गते ३४ शाखा र दोस्रो दिन भदौ २१ गते थप ३४ वटा शाखा कार्यालयहरुको समिक्षा भएसंगै कार्यक्रम सम्पन्न भएको हो ।

समिक्षाको पहिलो र दोस्रो दिनमा सम्बन्धित शाखाका शाखा प्रमुखहरुले आ-आफ्नो शाखाले आर्थिक वर्ष २०७७/०७८ मा शाखाको लक्ष्य तथा चुनौती लगायत समग्र गतिविधिहरुको शाखागत प्रस्तुतिकरण गर्नु भएको थियो । समिक्षा कार्यक्रमको शुभारम्भ गर्दै बैंकका अध्यक्ष के.बी उप्रेतीले बैंकको आर्थिक वर्ष २०७७/०७८ को समिक्षा गर्दै चालु आर्थिक वर्षको लक्ष्यमा केन्द्रित हुन शाखा प्रमुखहरुलाई निर्देशन गर्नु भयो । उहाँले बैंकको उद्देश्य हासिल गर्नको लागि शाखा प्रमुखहरुलाई आग्रह समेत गर्नु भयो । त्यस्तै प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले उच्च मनोबलका साथ कार्य सम्पादन गर्न शाखा प्रमुखहरुलाई अनुरोध गर्नु भयो ।

बैंकका सदस्य सेवा डिभिजन प्रमुख रामबाबु आचार्यले संचालन गर्नु भएको समिक्षा कार्यक्रममा बैंकका अध्यक्ष के.वी. उप्रेती, नि-वर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेल, बैंकका संचालकहरु प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं, नायव महाप्रबन्धक किशोर प्रसाद बिमली, सहायक महाप्रबन्धक राजेश श्रेष्ठ सहित विभागीय प्रमुखहरु, ६८ वटै शाखा कार्यालयका शाखा प्रमुखहरुको सहभागिता रहेको थियो ।

# सहकारीको वित्तीय गुणस्तर मापन गर्ने आधार नै पर्ल्स विश्लेषण : अध्यक्ष उप्रेती

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष के.बी उप्रतीले सहकारी संघ/संस्थाहरुको वित्तीय गुणस्तर मापन गर्ने आधार नै पर्ल्स विश्लेषण भएको बताउनु भएको छ । सहकारी संस् थाको अनुपात मिलाउने र सेवा सुविधालाई सेवाग्राही माझ प्रविधिमैत्री बनाउन पर्ल्स सम्बन्धीको तालिमले सहयोग पुग्ने बताउनु भयो । भदौ १८ गते शुक्रबार बैंकको चापागाँउ र इमाडोल शाखाको संयुक्त आयोजनामा भर्चुअल माध्यमबाट भएको पर्ल्स विश्लेषण तालिमको शुरुवात गर्दै अध्यक्ष उप्रेतीले यस्तो बताउनु भएको हो । अध्यक्ष उप्रतीले सहकारीका संचालक तथा कर्मचारीलाई सहकारीको प्रभावकारी वित्तीय संरचना, सम्पतिको गुणस्तर प्रतिफलदर, तरलता र बृद्धिदरमा ध्यान दिदै संघ/संस्थाको बचत संकलन, शेयर पुँजी बृद्धि, भाका नाघेको ऋण र संस्थागत पुँजी लगायत सुचकको अनुपात ब्यवस्थापनमा ध्यान दिन पनि तालिमका सहभागिहरुलाई आग्रह गर्नु भयो । सहकारीलाई प्रविधिमैत्री र ब्यवस्थित बनाउने उद्देश्यले राष्ट्रिय सहकारी बैंक लिमिटेडको

आयोजनामा एक दिने पर्ल्स विश्लेषण सम्वन्धी आयोजित तालिममा बैंकको चापागाँउ र इमाडोल शाखा अन्तर्गतको सहकारीका संचालक तथा कर्मचारीलाई लक्षित गरी संचालन गरिएको थियो ।

बैंकको बुटवल शाखका प्रमुख नारायण बेल्वासेले सहजीकरण गर्नु भएको तालिममा चापागाँउ र इमाडोल शाखा कार्यालय क्षेत्र भित्रका एक सय भन्दा बढी सहकारीकर्मीहरुले सहभागिता जनाएका थिए । तालिम विभागका बरिष्ठ अधिकृत मिना कुमारी शर्माले संचालन गर्नु भएको कार्यक्रमको स्वागत मन्तव्य चापागाउँ शाखाका प्रमुख रामशरण सापकोटाले दिनु भएको थियो ।

# सात बुँदे प्रतिवद्धता...

यस्तै अतिविपन्न परिवारलाई सहज रुपमासिप, स्रोत, पूँजी उपलब्ध गराउँदै सहकारी मार्फत गरिबी न्यूनिकरण, उत्पादकत्व र रोजगारी सिर्जनामा अहम् भूमिका निर्वाह गर्ने, राष्ट्रिय सहकारी बैंकलाई लघुवित्त कारोवार गर्ने सहकारी संघ/संस्थाको प्रवर्द्धक निकायको रुपमा स्थापित गर्ने, विपन्नवर्गमा कार्य गरेका स्थानिय सहकारीहरुको साझेदारीमा लघुवित्त, लघुउद्यम र बित्तीय समावेशीकरण गर्न राष्ट्रिय सहकारी बैंकद्वारा सहयोग गर्ने प्रतिवद्धता जनाइएको छ । यसैगरी सहकारी लघुवित्तको मोडेललाई व्यवस्थित, सुशासित, प्रविधियुक्त र मर्यादित वनाउँदै आफ्नो छुट्टै पहिचान स्थापित गर्ने र लघुबित्त मार्फत राष्ट्रको गरिबी न्यूनिकरण अभियानमा ठोस भूमिका निर्वाह गर्न वित्तीय पहुँच कमजोर भएका वर्ग, समुदाय र क्षेत्रमा पहुँच विस्तार गर्दै उद्यमशिलता, स्वःरोजगारी सिर्जना र बचत वृद्धि गरी विपन्नमुखी, सदस्यमुखि लैगिंक एवम् वित्तीय समावेशीकरणको अवधारणालाई वित्तीय सेवा प्रवाह मार्फत प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता सम्मेलन मार्फत गरिएको छ ।

दुई दिनसम्म सञ्चाल नभएको कार्यक्रममा पहिलो दिन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका पूर्व सचिव गोपीनाथ मैनालीले गरिबी न्यूनिकरणमा सहकारी लघुवित्त : नेपाल सरकारको नीति तथा कार्यक्रम विषयक कार्यपत्र प्रस्तुत गर्नु भयो । कार्यपत्र माथि राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष तथा बैंकका सल्लाहकार केशव बडाल, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश श्रेष्ठले सुझाव प्रस्तुत गर्नु भएको थियो ।

बैंकका अध्यक्ष के.बी.उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले सहकारी बैंकको भावी कार्य दिशा तथा गरिबी न्यूनिकरणमा सहकारी संस्था/संघ र बैंकको भूमिका विषयमा सहजीकरण गर्नु भएको थियो । दोस्रो दिनको कार्यक्रममा बैंकका सञ्चालक महेन्द्र गिरीले लघुवित्तमा सहकारीको भूमिका : नेपालको यथार्थ, संभावना र चुनौती विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यपत्र माथि लघुवित्त क्षेत्रका विज्ञ डा. नरहरि ढकाल, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष तथा बैंकका सल्लाहकार मिनराज कंडेलले टिप्पणी गर्नु भएको थियो । यस्तै कार्यक्रममा माइक्रो फाइनान्स थ्रो कोअपरेटिभ ग्लोबल एक्सप्रियन्स विषयक कार्यपत्र एशियाली ऋण महासंघका प्रमुख कार्यकारी अधिकृत एलिनीता सान रोकले प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्र माथि आप्राका कार्यकारी प्रमुख प्रशुन दास र अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य तथा राष्ट्रिय सहकारी महासंघ नेपालका बरिष्ठ उपाध्यक्ष ओम देवी मल्लले टिप्पणी गर्नु भएको थियो । कार्यक्रममा बैंकका निवर्तमान अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालको उपाध्यक्ष रमेश प्रसाद पोखरेल, बैंकको सल्लाहकारहरु केशब निरौला, धर्मदत्त देवकोटा, दीपक प्रसाद बास्कोटा लगायतले मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा बैंकका सञ्चालक तथा लघुवित्त उपसमितिका संयोजक ध्रुवनारायण यादव, सहित सञ्चालककहरु सरिता भट्टराई, हरिहरनाथ योगी, राम बहादु जि.सी., रामहरी बजगाईं, ज्ञान बहादुर तमाङ्ग, अमृता शुब्बा, पार्वती थापामगर, केदार मानन्धर, माधवलाल देवकोटा, महेन्द्र कुमार गिरी, विश्वनाथ मण्डल, शिवा थापा, विजया धिताल लगायत बैंकका उच्च व्यवस्थापन तहका कर्मचारीहरुको सहभागिता रहको थियो । कार्यक्रममा बैंकका लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मी प्रसाद उप्रेतीले धन्यबाद सहित समापन गर्नुभएको थियो ।

# सहकारी बैंकको चेक नचल्ने समस्या...

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १९ औ. वार्षिकोत्सवको अवसरमा आयोजित सहकारीमा लघुवित्त सम्मेलन-२०७८ को साउन १९ गते उद्घाटन पछि बोल्दै अर्थमन्त्री शर्माले सहकारी जनतासंग प्रत्यक्ष जोडिएको क्षेत्र भएकाले यसलाई सुधार गरेर अगाडि बढ्न सरकार तत्पर रहेको बताउनु भयो । गाउँ गाउँमा सामाजिक सुरक्षा भत्ता वितरणमा समेत समस्या छ, अर्थमन्त्री शर्माले भन्नुभयो-जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएकाहरु लगायतले पाउने सामाजिक सुरक्षा भत्तालाई सहज रुपमा वितरण गर्ने प्रणालीको व्यवस्था गर्न अध्ययन भैरहेको र त्यसका लागि सहकारी बैंक सहयोगी बन्न सक्ने उहाँको भनाई थियो ।

मुलुकको अर्थतन्त्रको विकासका लागि तीन खम्बे अर्थनीतिको व्यवस्था घर जग्गा र गाडी खरिद गर्नका लिइने कर्जाको ब्याज कम हुने अवस्था कहिले सम्म रहन्छ ? भन्दै मन्त्री शर्माले गरिवका लागि सहुलियत दरको कर्जा वितरणका लागि सरकार र सहकारी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताउनुभयो । सहकारी क्षेत्रलाई रोजगारी वृद्धि, गरिबी न्यूनिकरण, उत्पादनमुखी अर्थ व्यवस्था बढाउने गरी अगाडि बढाउनु पर्ने मन्त्री शर्माको भनाई छ ।

कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार लिला नाथ शर्माले मुलुकको गरिवी निवारणमा सहकारी क्षेत्रको राम्रो संभावना रहेको र त्यसमा पनि सहकारी बैंकको भूमिका थप प्रभावकारी हुने भएकाले सोही अनुसारको योजनाका साथ अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा एशिया तथा प्यासिफिक क्षेत्रका कृषि सहकारीहरुको बिकासका लागि संजाल (नेडाक) का अध्यक्ष सन्दिप नायकले नेपालको सहकारी अभियानलाई वित्तीय तथा प्रविधिको क्षेत्रमा सक्षम बनाउनको लागि राष्ट्रिय सहकारी बैंकसंग समन्वय गरेर नेडाकले काम गरिरहेको बताउनु भयो । बैंकले सदस्य वृद्धि लगायत वित्तीय तथा अन्य क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएको भन्दै नायकले सहकारी बैंकको थप प्रभावकारी भूमिकाको लागि समन्वय गरिने बताउनुभयो । स्वावलम्बन विकास केन्द्रका अध्यक्ष तथा लघुवित्त विज्ञ शंकरमान श्रेष्ठले नेपालको अर्थतन्त्रलाई सबल सक्षम बनाउनका लागि लघुवित्तलाई थप प्रभावकारी बनाउनु पर्नेमा जोड दिनुभयो ।

# बडाललाई सहकारी अभियन्ता सम्मान : सहकारी बैंकका शाखामध्ये बागलुङ उत्कृष्ट

राष्ट्रिय सहकारी बैंक लिमिटेडले सहकारी अभियन्ता सम्मानबाट नेपालको सहकारी अभियानका अगुवा केशव प्रसाद बडाललाई सम्मान गरेको छ । बैंकको १९ औं वार्षिकोत्सवका अवसरमा साउन १९ गते आयोजित सहकारीमा लघुवित्त सम्मेलन उद्घाटन कार्यक्रममा बैकको १७ वार्षिक साधारणसभामा घोषणा गरिएको विभिन्न पुरस्कारहरु समेत वितरण गरिएको थियो । बैंकले प्रदान गर्दै आएको सहकारी अभियन्ता सम्मान पुरस्कारबाट राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष केशव प्रसाद बडाल, सहकारी बैंक पूर्व सञ्चालक सम्मान डिल्लीराम तिवारी, सहकारी बैंक विद्वता पुरस्कार डा.नवराज सिंखडा, सहकारी बैंक. पत्रकारिता पुरस्कार शर्मिला ठकुरीलाई प्रदान




गरिएको थियो । यस्तै सहकारी बैंकका ६८ शाखामध्ये आर्थिक वर्ष २०७६/०७७ मा बागलङ शाखा उत्कष्ट शाखा भई

सम्मानित भएको छ । शाखा प्रमुख युवराज त्रिपाठीलाई उत्कृष्ट शाखा पुरस्कार प्रदान गरिएको थियो । उत्कृष्ट कर्मचारी (प्रवन्धक/अधिकृत स्तर) गोंगवु शाखाका प्रमुख बिनोद भट्टराई, सहायक स्तरमा सुन्दरहरैचा शाखाका प्रमुख अर्जुन कार्की र सहयोगी स्तर तर्फ नयाँ बानेश्वर शाखामा कार्यरत सोम बहादुर कार्कीलाई पुरस्कृत गरिएको थियो । वार्षिकोत्सवको अवसरमा आयोजित सहकारीमा लघुवित्त सम्मेलन उद्‌घाटन समारोहको सञ्चालन बैंकका सञ्चालक तथा व्यवसाय प्रवर्द्धन, एकीकरण तथा स्तरीकरण उपसमितिका संयोजक केदार मानन्धर र पुरस्कार वितरण कार्यक्रमको सञ्चालन सञ्चालक तथा शिक्षा, तालिम तथा सम्मान उपसमितिका संयोजक सरिता तिमिल्सिना भट्टराईले गर्नु भएको थियो । कार्यक्रमा बैंकका संचालक एंव लघुवित्त तथा उद्यम उपसमितिका संयोजक धुव्र नारायण यादबले सहभागीहरुलाई धन्यबाद सहित कार्यक्रम समापन गर्नु भएको थियो ।



# National Co-operative Bank Limited (NCBL)

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता

Internet Banking को सुविधा

रु १५०० मा बैंकको सदस्यता

SMS Banking को सुविधा

- वार्षिक शुल्क नलाग्ने
- सहज प्रक्रिया
- Online मार्फत सदस्यता लिन सकिने

थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस

Web: www.ncbl.coop Email: ncbl@ncbl.coop

NEDAC

टोल फ्री नं १६६००१०२९९९